# नेशनल लघुवित्त वित्तीय संस्था लि.
# NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LTD.

राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको ईजाजत प्राप्त लघुवित्त वित्तीय संस्था

**केन्द्रीय कार्यालय, बनेपा नगरपालिका वडा नं.१०, काभ्रेपलाञ्चोक, फोन : ०११-६६५५७२,६६५५७३**

Website : www.nationalmicrofinance.com.np

## दशौं वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/११/१९)

यस वित्तीय संस्थाको मिति २०८०/११/१७ गते बिहीबार बसेको सञ्चालक समितिको १६५ औं बैठकको निर्णय अनुसार यस संस्थाको दशौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८०/१२/१६ गते शुक्रवार, (तदनुसार २९ मार्च, २०२४)
समय : बिहान १०:३० बजे ।
स्थान : धुलिखेल लज रिसोर्ट धुलिखेल, काभ्रेपलाञ्चोक ।

**छलफलको विषय सूची :**

**क. सामान्य प्रस्ताव:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. यस वित्तीय संस्थाको आ.व.२०८०/८१ को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षको नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने (यस अघि नियुक्त लेखापरीक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाउन्टेण्टस् पुनः नियुक्तीको लागि ग्राह्य हुनुहुन्छ) ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु.१,०८,४२,०६,२१९।५३ (अक्षरेपी एक अर्ब आठ करोड बयालिस लाख छ हजार दुई सय उन्नाइस पैसा त्रिपन्न मात्र) को ७.५ (सात दशमला पाँच) प्रतिशतले हुन आउने रकम रु.८,१३,१५,४६६।४६ (अक्षरेपी आठ करोड तेह्र लाख पन्ध्र हजार चार सय छैसट्ठी पैसा छ्यालिस मात्र) कर प्रयोजन सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. संस्थाको संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ जना तथा सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धमा ।

६. संस्थाको सञ्चालक समितिबाट भएको स्वतन्त्र सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्ताव:**

१. आ.व.२०७९/८० को मुनाफाबाट हाल कायम चुक्ता पुंजी रु.१,०८,४२,०६,२१९।५३ (अक्षरेपी एक अर्ब आठ करोड बयालिस लाख छ हजार दुई सय उन्नाइस पैसा त्रिपन्न मात्र) को ७.५ (सात दशमला पाँच) प्रतिशतले हुन आउने रकम रु.८,१३,१५,४६६।४६ (अक्षरेपी आठ करोड तेह्र लाख पन्ध्र हजार चार सय छैसट्ठी पैसा छ्यालिस मात्र) बराबर अर्थात १००:७.५ अनुपातको बोनस शेयर जारी गरी संस्थाको चुक्ता पुंजी रु.१,१६,५५,२१,६८५।९९ (अक्षरेपी एक अर्ब सोह्र करोड पचपन्न लाख एक्काइस हजार छ सय पचासी पैसा उनान्सय मात्र) पुऱ्याउने विशेष प्रस्तावलाई पारित गर्ने ।

२. संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश काठमाडौ जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.८ मा स्थानान्तरण गर्ने ।

३. संस्थाको संस्थापक तथा सर्वसाधारण समुहको शेयर पुंजीको अनुपात क्रमश ७० प्रतिशत र ३० प्रतिशत कायम गर्न आर्थिक वर्ष २०७९/८० को वोनस शेयर वितरण पश्चात् कायम हुने संस्थापक र सर्वसाधारण समुहको शेयर पुंजीको अनुपात मिलान गर्दा नपुग भएको सर्वसाधारण तर्फको जम्मा रु.६,६९,९०,०२६।८० अर्थात ६,६९,९००.२७ कित्ता साधारण शेयर प्रिमियममा सम्बन्धित निकायबाट स्वीकृति लिई थप सार्वजनिक निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

४. प्रवन्धपत्रको दफा २ (१), दफा ६ (ख) र दफा ६ (ग) तथा नियमावलीको नियम २ संशोधन गर्ने साथै प्रबन्धपत्र तथा नियमावलीको दफा तथा नियमहरुमा आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

**साधारण सभा सम्वन्धी अन्य सामान्य जानकारी :**

१. यस साधारण सभामा भाग लिन तथा लाभांश प्रयोजनको लागि संस्थाको शेयर दाखिल खारेजको काम मिति २०८०/११/३० गते देखि २०८०/१२/१६ गते सम्म बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/११/२९ गतेसम्म कारोवार भइ प्रचलित कानून बमोजिम यस संस्थाको शेयर रजिष्ट्रार एनआईएमवि एस क्यापिटल लि. लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले मात्र यस सभामा भाग लिन पाउने छन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित संस्थाको दशौ बार्षिक प्रतिबेदन शेयरधनी महानुभावहरुलाई हुलाक सेवा मार्फत पठाइने छ । कथम् कदाचित सो प्राप्त नभएमा प्रतिवेदनको लागि संस्थाको वेभसाइट www.nationalmicrofinance.com.np मा हेर्नुहुन वा संस्थाको केन्द्रीय कार्यालय बनेपा १० काभ्रेपलाञ्चोक वा संस्थाको शेयर रजिष्ट्रारको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

३. सभामा भाग लिन तथा मतदान गर्नको प्रतिनिधी (प्रोक्सी) नियुक्ति गर्न चाहनुहुने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरी सक्नुपर्ने छ । सभामा भाग लिन तथा मतदान गर्नको लागि प्रतिनिधी नियुक्ति गरिसकेपछि उक्त प्रतिनिधी बदर गरी अर्को मुकरर गर्ने भएमा सोको लिखित सूचना सोहि अवधीभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्ने छ ।

४. नावालक तथा विक्षिप्त शेयरधनी महानुभावहरुको तर्फवाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा पहिले नाम उल्लेख भएको ब्यक्तिले सभामा भाग लिन तथा मतदान गर्न पाउने छ ।

५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको ब्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक ब्यक्तिले मात्र सभामा भाग लिन तथा मतदान गर्न पाउने छ ।

६. शेयरधनी महानुभावहरुको लागि उपस्थिति पुस्तिका सभा हुने दिन बिहानको १०:०० बजेबाट खुला रहने छ ।

७. अन्य जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय बनेपा १० काभ्रेपलाञ्चोकमा सम्पर्क राख्नहुन वा यस संस्थाको माथि उल्लेखित वेबसाइटमा हेर्नहुन अनुरोध गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**